संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - ३७ र ३८

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल असार २७ गते सोमबार

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा बिहान ११:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै ने.क.पा. एमालेका मा० सदस्यहरु आ-आफ्नो स्थानमा उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री नवराज सिलवाललाई समय दिनुभएपछि उहाँले देशको अर्थतन्त्र राम्रो अवस्थामा नरहेको भनिएपनि पूर्व अर्थ मन्त्रीले राजीनामा गर्नुपूर्व नेपाल प्रहरीलाई हतियार खरिद गर्नको लागि ८४ करोड बराबरको रकम रकमान्तर गरेको विषयमा प्रमुख प्रतिपक्षी दलको विरोध रहेको, नेपाल प्रहरीले विगतमा हातहतियार खरिद गर्दा विचौलियाहरुको संलग्नताले विभिन्न किसिमका घोटालाहरु भएको र अहिलेको हतियार खरिद पनि त्यस्तै हुन सक्ने, नेपाल प्रहरीलाई ब्यारेक, नयाँ प्रविधि तथा अनुसन्धानमा सहयोग पुऱ्याउने किसिमका कुराहरु बढी चाहिएकोले सरकारको हतियार खरिद गर्ने निर्णय फिर्ता होस् भन्नुभयो ।

तदुपरान्त शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री लक्ष्मी परियार
२. मा० श्री लक्ष्मी कुमारी चौधरी
३. मा० श्री लालप्रसाद साँवा लिम्बु
४. मा० श्री लिला देवी सिटौला
५. मा० श्री विद्या भट्टराई
६. मा० श्री विना देवी बुढाथोकी
७. मा० श्री विन्दा पाण्डे
८. मा० श्री विमला विश्वकर्मा
९. मा० श्री विशाल भट्टराई
१०. मा० श्री विष्णु शर्मा
११. मा० श्री शक्ति बहादुर बस्नेत
१२. मा० श्री शान्तीमाया तामाङ पाखीन
१३. मा० डा० शिवमाया तुम्वाहाङफे
१४. मा० श्री शेरबहादुर तामाङ
१५. मा० श्री सत्यनारायण शर्मा खनाल
१६. मा० श्री सत्य पहाडी
१७. मा० श्री सरला कुमारी यादव
१८. मा० श्री सरिता कुमारी गिरी
१९. मा० श्री सरवत आरा खानम
२०. मा० श्री सिताराम महतो
२१. मा० श्री सुरेश चन्द्र दास
२२. मा० डा० सूर्य प्रसाद पाठक
२३. मा० श्री संजय कुमार गौतम
२४. मा० श्री हित बहादुर तामाङ
२५. मा० श्री हिरा गुरुङ

त्यसपछि सम्माननीय सभामुखले शून्य, विशेष र अन्य समयमा मा० सदस्यहरुले उठाउनु भएका विषयहरुको सन्दर्भमा सम्बन्धित मन्त्रालयहरुको ध्यानाकर्षण गराउँछु भन्नुभयो ।

तत्पश्चात कानून, न्याय तथा मानव अधिकार समितिका मा० सभापति श्री कृष्णभक्त पोखेलले "यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७९" पेश गर्नुभयो ।

त्यसपछि मा० गृह मन्त्री श्री बालकृष्ण खांणले "राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन सहितको नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन सहित "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९" माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री खगराज अधिकारी
२. मा० श्री यशोदा गुरुङ्ग सुवेदी

| | | | |
|---|---|---|---|
| ३. | मा० श्री दिव्यमणि राजभण्डारी | ५. | मा० श्री प्रेम सुवाल |
| ४. | मा० श्री भरत कुमार शाह | ६. | मा० श्री मन कुमारी जि.सी. |

तत्पश्चात मा० गृह मन्त्री श्री बालकृष्ण खांणले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले “नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९” का सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनको क्रमसंख्या १ र २ मा उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले “नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९” का सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनको क्रमसंख्या १ र २ मा उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ५ सम्म “नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै “नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० गृह मन्त्री श्री बालकृष्ण खांणले “नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९ लाई पारित गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक आजै पन्ध्र मिनेटपछि बस्नेगरी बैठक दिनको १२:४५ बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजको दोस्रो बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले आजको कार्यसूचीको क्रममा सामान्य हेरफेर गरेको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)ले “कानून, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदन सहितको “यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथि छलफल गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात कानून, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदन सहित “यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९” माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

| | | | |
|---|---|---|---|
| १. | मा० श्री पुष्पा भुसाल (गौतम) | ११. | मा० श्री गजेन्द्र बहादुर महत |
| २. | मा० डा० डिला सँग्रौला (पंत) | १२. | मा० श्री सत्य पहाडी |
| ३. | मा० श्री पार्वती कुमारी विशुन्के | १३. | मा० श्री दुर्गा पौडेल |
| ४. | मा० श्री झपट बहादुर रावल | १४. | मा० श्री मायादेवी न्यौपाने |
| ५. | मा० श्री रंगमती शाही | १५. | मा० श्री विन्दा पाण्डे |
| ६. | मा० श्री छक्क बहादुर लामा | १६. | मा० श्री राजेन्द्र कुमार के.सी. |
| ७. | मा० श्री प्रेम सुवाल | १७. | मा० श्री बिमला बि.क. |
| ८. | मा० डा० सूर्यप्रसाद पाठक | १८. | मा० श्री गोमा देवकोटा |
| ९. | मा० श्री प्रकाश रसाइली (स्नेही) | १९. | मा० श्री मन कुमारी जि.सी. |
| १०. | मा० श्री पार्वता डि.सी. (चौधरी) | २०. | मा० श्री विद्या भट्टराई |

त्यसपछि मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)ले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले "यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९" का सम्बन्धमा कानून, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ३ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा मा० श्री झपटबहादुर रावलले सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले ३ मिनेट घण्टी बजाई गणपूरक संख्या यकिन गर्न सचिवालयलाई निर्देश गर्नुभएपछि ३ मिनेटको जनाउ घण्टी बजाई उपस्थित मा० सदस्यहरुको संख्या गणना गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा मा० सदस्यहरुको संख्या ७७ रहेकोले सम्माननीय सभामुखले गणपुरक संख्या पुगेको जानकारी गराउनु हुँदै बैठकको कार्यक्रम अगाडि बढ्ने जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९" का सम्बन्धमा कानून, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ३ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले "यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९" का सम्बन्धमा कानून, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ३ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ५ सम्म "यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)ले "यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

त्यसपछि मा० भौतिक पूर्वाधार तथा यातायात मन्त्रीको तर्फबाट मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)ले राष्ट्रिय सभाको सन्देश सहितको "नेपाल रेल्वे विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले उक्त विधेयकमाथि ४ जना मा० सदस्यहरुबाट संशोधन प्रस्तावहरु प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात निम्नलिखित संशोधनकर्ता मा० सदस्यहरुले आफ्नो संशोधन प्रस्ताव प्रस्तुत गर्दै छलफलमा भाग लिनुभयो :-

१. मा० श्री कृष्णभक्त पोखेल
२. मा० श्री दिव्यमणि राजभण्डारी
३. मा० श्री प्रेम सुवाल
४. मा० डा० भीम बहादुर रावल

त्यसपछि उक्त विधेयकमाथिको दफावार छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री शेरबहादुर तामाङ
२. मा० श्री गोपाल बहादुर बम
३. मा० श्री गजेन्द्र बहादुर महत

यसैबीच मा० झपट बहादुर रावलले नियमापत्ति गर्नुहुँदै मा० श्री गोपाल बहादुर बमले बोल्ने क्रममा "तिब्बत क्षेत्रको सांसद" भनी उल्लेख गर्नुभएको कुरा सभाको रेकर्डबाट हटाईयोस् भनी भन्नुभएपछि सम्माननीय

सभामुखले त्यसतर्फ मेरो ध्यानाकर्षण भएको छ भन्नुहुँदै मा० श्री गोपाल बहादुर बमको समेत ध्यानाकर्षण गराउनुभयो ।

तदुपरान्त मा० भौतिक पूर्वाधार तथा यातायात मन्त्रीको तर्फबाट मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)ले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात मा० श्री कृष्णभक्त पोखरेलले आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन नचाहनु भएको भएकोले सम्माननीय सभामुखले उक्त संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा मा० श्री भुपेन्द्रबहादुर थापाले सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले ३ मिनेट घण्टी बजाई गणपूरक संख्या यकिन गर्न सचिवालयलाई निर्देश गर्नुभएपछि ३ मिनेटको जनाउ घण्टी बजाई उपस्थित मा० सदस्यहरुको संख्या गणना गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा मा० सदस्यहरुको संख्या ६१ रहेकोले सम्माननीय सभामुखले गणपुरक संख्या नपुगेको जानकारी गराउनु हुँदै कार्यसूचीमा रहेको बाँकी कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल असार २९ गते बुधबार बिहान ११:०० बजे बस्नेगरी आजको बैठक दिनको ३:५५ बजे स्थगित भयो ।

गोपालनाथ योगी
प्रतिनिधि सभाको सचिव